प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल
☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७५।७६
चलानी नं. : १००४

मिति : २०७६।०१।०५

विषय : बजेट सीमा र मार्गदर्शन सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

आ.व. २०७६।७७ को बजेट तर्जुमा गर्नका लागि आवश्यक LMBIS Software निकट भविष्यमा नै कार्यान्वयन हुन गईरहेको छ । LMBIS प्रणाली प्राप्त हुनासाथ कार्यक्रम र योजना सहित बजेट LMBIS Software मा Entry गरी बजेट छलफलका लागि तयारी अवस्थामा रहनु पर्ने भएकोले गत वर्ष प्राप्त भएको बजेट सिमालाई आधार मानी आ.व. २०७६/७७ को बजेट निर्माण प्रक्रिया शुरु गर्न अनुरोध गरिएको छ । यस अघि पनि प.सं. ०७५/७६ च.नं. ५०७ मिति २०७५।११।०६ को पत्रानुसार मध्यकालिन खर्च संरचना (MTEF) समेत बजेट तयारीका लागि अनुरोध गरिएको व्यहोरा स्मरण गराइएको छ । श्रोत यकिन भएपछि बजेट सिमा उपलव्ध गराइने व्यहोरा अवगत गराउँदै निम्न मार्गदर्शनहरुलाई ध्यान दिई बजेटको पूर्व तयारी गर्नु हुनेछ ।

१. प्रदेश सरकारबाट स्वीकृत प्रदेश नं. ५ को प्रथम आवधिक योजनाको आधारपत्रले निर्धारण गरेको दिर्घकालिन सोच, उद्देश्य, लक्ष्य तथा प्राथमिकताहरुलाई आधार बनाई आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
२. चालु आ.व.को नीति तथा कार्यक्रमले निरन्तरता पाउने गरी माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीज्यूबाट वेला बेलामा भएका नीतिगत मार्गदर्शनहरुलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्नु हुनेछ ।
३. यसैसाथ संलग्न प्रदेश योजना आयोगबाट स्वीकृत बजेट र वार्षिक विकास कार्यक्रम तर्जुमा सम्वन्धी मार्गदर्शन, २०७६ का आधारमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
४. यस वर्ष बजेट कार्यान्वयन गर्दाको अनुभवको आधारमा आगामी १-२ वर्षमा सम्पन्न गर्न सकिने परियोजनाहरुमा कार्यान्वयन क्षमता समेत विचार गरी बजेट प्रस्ताव गर्नु हुनेछ ।
५. बजेट प्रस्ताव गर्दा "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४" बमोजिमको खर्च शिर्षक वर्गीकरण बमोजिम गर्नु हुनेछ ।
६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था बमोजिम मध्यकालीन खर्च संरचना तयार गरी बजेट प्रस्ताव गर्नु हुनेछ ।

सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल
☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७५।७६
चलानी नं. :

७. यस मन्त्रालयबाट सहमति प्रदान गरी आगामी आ.व. को लागि दायित्व श्रृजना भई सकेका बहुवर्षिय आयोजनाहरुको लागि तोकिएको बजेट सीमामा प्राथमिकताका साथ स्रोत सुनिश्चित गरेर माग आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

८. संघीय सरकारबाट हस्तान्तरण भई प्रदेश सरकार अन्तर्गत आउने योजनाहरु सकभर यसै वर्ष सम्पन्न गर्ने, Dropout गर्नुपर्ने वा Carryover गर्नुपर्ने भए सो विवरण पुष्टयाई सहित पेश गर्नु हुनेछ ।

९. साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल प्रदेश सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरुको लागि बजेट प्रस्ताव गर्नु पर्नेछ ।

१०. नयाँ आयोजनाको पहिचान तथा छनौट गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम गरिने वातावरणीय अध्ययन, विस्तृत आयोजना प्रतिवेदन, सम्भाव्यता तथा पूर्वसम्भाव्यता अध्ययन जस्ता क्षेत्रमा बजेट सुनिश्चित गरेर मात्र आयोजना प्रस्ताव गर्नुहुनेछ ।

११. प्रतिबद्ध खर्चहरु जस्तै पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा तलब भत्ता, धारा बिजुली, टेलिफोन लगायतका खर्च शिर्षकहरुमा पर्याप्त बजेट प्रस्ताव गर्नु हुनेछ ।

१२. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा प्रदेश तथा केन्द्र सरकारबाट स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड परिपालना गर्नु हुनेछ ।

श्री प्रदेश सभा सचिवालय, प्रदेश नं. ५, बुटवल ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. ५, बुटवल ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

..................
(किशोर जोशी)
सचिव

# प्रदेश नं ५ को बजेट र वार्षिक विकास कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७६

प्रदेश सरकार

प्रदेश नं ५

**प्रदेश योजना आयोग**

बुटवल, रुपन्देही

२०७६

## १. पृष्ठभूमि

संघीयताको कार्यान्वयनमा प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेश नं ५ को प्रदेश सरकारले प्रदेशको समृद्धिको लागि योजनाबद्ध विकास प्रयास शुरु गरेको छ । सो अनुरुप प्रदेश सरकारले पहिलो आवधिक योजना बनाइरहेको छ जसको आधारपत्र स्वीकृत भइसकेको छ। आगामी आर्थिक वर्ष २०७६।७७ प्रथम आवधिक योजनाको पहिलो वर्ष हो । त्यसैले आगामी वर्षको प्रदेशको बजेट तर्जुमा तथा विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा बजेट व्यवस्थापन सो योजनाको आधारपत्रले लिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य अनुरुप हुनुपर्ने छ ।

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुसी जनताको दीर्घकालीन सोच यस प्रदेशको पहिलो आवधिक योजनाले लिएको छ । साथै, समाजवादउन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य लिएको छ । सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्ने उद्देश्य उक्त योजनाले लिएको छ ।

प्रदेशमा दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने प्रयास पहिलो आवधिक योजनाले गरेको छ । वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दिगो विकासका लक्ष्य हासिल गर्ने गरी गर्नुपर्ने देखिन्छ ।संघीय सरकारबाट सशर्तमा आउने कार्यक्रम वाहेकका वार्षिक कार्यक्रम तर्जुमा गर्न यो मार्ग निर्देशन जारी गरिएको छ ।

## २. आर्थिक वर्ष २०७६।७७ को बजेट र वार्षिक विकास कार्यक्रम तर्जुमाका मार्गदर्शन

आर्थिक वर्ष २०७६।७७ को बजेट र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्रले अबलम्बन गरेका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिसंग सामाञ्जस्य हुने गरी वार्षिक कार्यक्रम तय गर्नुपर्ने ।

(ख) विभिन्न क्षेत्रगत वार्षिक कार्यक्रम तय गर्दा आवधिक योजनाले समटेका क्षेत्रको हकमा आधारपत्रमा उल्लेखित रणनीति र कार्यनीतिसंग तालमेल मिल्ने गरी हुनुपर्ने ।

(ग) आवधिक योजनाको लागि मस्यौदा गरिएको प्रमुख कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर वार्षिक कार्यक्रम तय गर्नुपर्ने ।

(घ) चालु आर्थिक वर्षमा शुरु भइ समाप्त नभएका दीर्घकालीन महत्वका आयोजनालाई निरन्तरता दिनुपर्ने ।

## ३. विकास आयोजना छनोटका मार्गदर्शन

विकास आयोजना छनोट गर्दा देहायका मार्गदर्शन अवलम्वन गर्नुपर्नेछ ।

(क) चालू खर्च, तालिम, अनुदान, अध्ययन अनुसन्धान बाहेकका पूँजीगत खर्च हुने नयाँ आयोजनाहरुको कूल लागत रु. १ करोड भन्दा बढीको हुनु पर्ने ।

(ख) अवधारणा स्पष्ट भएका लगानी रकम एकिन भै प्रतिफल सुनिश्चत भएका आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने ।

(ग) निर्माणाधीन तथा अधुरा र मर्मत संभार गरी पूर्ण क्षमतामा चलाउन सहयोग पुग्ने आयोजनाहरुलाई सूचीकरण गरी प्रादेशिक महत्वको आधारमा साधन विनियोजन गर्ने।

(घ) प्रादेशिक विकासको सन्तुलनलाई मध्यनजर राख्ने ।

४. भौतिक पूर्वाधार विकास आयोजना सम्बन्धी मार्गदर्शन

भौतिक पूर्वाधारसंग सम्बन्धित देहायका क्षेत्रहरुमा विकास आयोजना तर्जुमा गर्दा माथिका वुदाँहरुका अतिरिक्त देहायका थप मापदर्शन अपनाउनु पर्नेछ ।

सडक

(क) प्रदेश सरकारले रणनीतिक सडकको रुपमा घोषणा गरेका प्रादेशिक राजमार्गलाई प्राथमिकता दिने ।

(ख) पालिका केन्द्र तथा जिल्ला सदरमुकामहरु जोड्ने १० कि. मी. भन्दा बढी लम्वाई भएका सडकहरु राजमार्गलाई प्राथमिकता दिने ।

(ग) एक अर्व भन्दा बढी लगानी भएका कृषि, उद्योग र पर्यटन क्षेत्रसंग सम्बन्धित उद्योगहरुलाई सहयोग गर्ने गरी १० कि.मी.सम्म लम्वाई भएका पहुँच सडकहरु राजमार्गलाई प्राथमिकता दिने ।

(घ) रणनीतिक सडकहरु बाहेक अन्य नयाँ ट्र्याक नखोल्ने ।

सडक पूल

(क) माथिका सडकहरुमा पर्ने रु २० करोडको बजेटभित्र सम्पन्न हुनसक्ने अधिकतम १०० मिटर लम्वाइ भएका पुलहरुलाई प्राथमिकता दिने ।

(ख) पूलको दुवैतर्फ बाटो तयार भई सवारी साधन चल्ने स्थितिमा रहेको स्थिति हुनुपर्ने।

(ग) रणनीतिक महत्वका तथा जिल्ला यातायात गुरुयोजनामा समावेश भएका सडकहरुबाहेक अन्य सडकहरुमा पुल निर्माणमा बजेट विनियोजन नगर्ने ।

झोलुङ्गे पूल

(क) सडक पुल नजिक नभएका (एक कि.मीको दूरीमा) बढीमा २०० मिटरसम्म लम्वाइ भएको झोलुङ्गे पूलहरुलाई प्राथमिकता दिने ।

सिंचाइ

(क) स्थानीय तहले गर्न नसक्ने बढीमा ५ हजार हेक्टरसम्म सिचाइ गर्न सक्ने अधिकतम रु. १५ करोड सम्म बजेट लाग्ने ।

खानेपानी

(क) स्थानीय तहले गर्न नसक्ने भनी सिफारिस गरिएका अधिकतम रु. २० करोडसम्म बजेट लाग्ने ।

(ख) खानेपानीको पहुँच नपुगेको स्थान र पुराना आयोजनाको मर्मत सम्भारलाई प्राथमिकतामा राख्ने ।

(ग) स्थानीय तहले सुविधाले दिन नसकेको स्थितिमा १० घरधुरी भन्दा कम बसोबास भएका ठाँउमा बर्षात पानी संकलन गर्ने प्रविधिमा जोड दिने ।

५. सामाजिक क्षेत्र सम्बन्धी मार्गदर्शन

शिक्षा र स्वास्थ्य

(क) प्राविधिक शिक्षा तथा उच्च शिक्षालाई प्राथमिकता दिने ।

(ख) विद्यालय शिक्षा र स्वास्थ्य स्थानीय तहको जिम्मेवारी भित्र रहेको हुँदा यसतर्फका आयोजनाको लागि आवश्यक परेको खण्डमा स्थानीय तहबाट समपूरक अनुदानमा गराउने ।

(ग) शिक्षा र स्वास्थ्यमा ज्यादै पिछडिएको क्षेत्रमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्ने।

ऐतिहासिक सम्पदा

(क) सय वर्ष पुराना ऐतिहासिक सम्पदा, धार्मिक संरचना तथा स्थलहरुको मर्मत सम्भारलाई मात्र बजेट विनियोजन गर्ने ।

(ख) नयाँ धार्मिक संरचना निर्माणमा बजेट विनियोजन नगर्ने ।

६. अन्य मार्गदर्शन

(क ) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सुनिश्चिता दिइ बहुवर्षीय ठेक्कामा गएका आयोजनाहरुको लागि मध्यमकालीन खर्च संरचनामा समेत व्यवस्था गरी अनिवार्य रुपमा रकम प्रस्ताव गर्ने ।

(ख) उत्पादनमुलक कामको लागि निजी क्षेत्रको लागि आवश्यक पर्ने पूर्वाधार निर्माण एवम् लगानीमैत्री हुने कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने ।

(ग) कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणालीमा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक, खरिद योजना, अनुगमन तथा मूल्यांकन योजना लगायतका विवरण अनिवार्य रुपमा प्रवृष्टि गर्ने ।

(घ) पुँजीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा मितव्ययितालाई प्रमुख सिद्धान्तको रुपमा अवलम्वन गर्नुका साथै, वित्तिय अनुशासन कायम

हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने र खर्चलाई नतिजासँग आवद्ध हुने गरी बजेट प्रस्ताव गर्ने । भैपरी आउने चालु खर्चमा सकेसम्म बजेट प्रस्ताव नगर्ने र गर्नै पर्ने अवस्थामा प्रयोजन खुलाएर मात्र बजेट प्रस्ताव गर्ने । साथै, समान प्रकृतिका स-साना आयोजनाहरु गाभ्ने वा खारेज गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

(ङ) स्थानीय तहमा बजेट हस्तान्तरण गर्दा वित्त हस्तान्तरण (Fiscal Transfer) को माध्यामबाट मात्र गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

(च) सिप विकास र तालिम जस्ता एकै प्रकृतिका सेवाहरु एउटै निकायबाट प्रदान गर्नेगरी निकायगत समन्वयमा कार्यक्रम गाभी बजेट प्रस्ताव गर्ने ।

(छ) अनिवार्य दायित्व (तलब, भत्ता, बिमा घरभाडा, संचार आदि) मा प्रर्याप्त रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने ।

(ज) चालु खर्च प्रस्ताव गर्दा एकाई र लागत विश्लेषण गरी मितव्ययी हुने गरी आवश्यक रकम प्रस्ताव गर्ने ।

(झ) विकास निर्माण पूर्वाधारका आयोजनाका लागि जग्गा अधिग्रहण गर्ने प्रयोजनार्थ मुआव्जा वितरण गर्न बजेट प्रस्ताव गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटको आधारमा गर्ने ।त्यो भन्दा थप गर्नुपरेमा दररेटलाई उक्त ठाँउको लागि अद्यावधिक गराएर मात्रै प्रस्ताव गर्ने ।

(ञ) आगामी आर्थिक वर्षदेखि प्रादेशिक आयोजना बैङ्कमा कार्यक्रम/आयोजना प्रविष्ट गरेर कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।

(ट) कार्यान्वयनमा आउने नयाँ कार्यक्रम/आयोजनाको लागि जग्गा प्राप्ति लगायतका तयारीका लागि आवश्यक स्रोत साधन व्यवस्था हुनेगरी बजेट प्रस्ताव गर्ने ।

(ठ) निर्माण सम्वन्धी आयोजनाका हकमा पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन तथा रेखांकन/नक्सांकन भइसकेका र प्रथम चौमासिकभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने

(ड) क्षेत्रगत रुपमा पहिचान भई प्राथमिकताका आधारमा प्रादेशिक आयोजना बैंकमा समावेश गरी नयाँ आयोजनाहरुको अध्ययन, छनौट, मूल्यांकन तथा प्राथमिकीकरणको लागि मन्त्रालयगत रुपमा आयोजना विकासको लागि रकमको व्यवस्था गरी निश्चित अवधिभित्र आयोजना अध्ययन तथा विकास कार्य सम्पन्न हुने सुनिश्चितता गर्ने।

## ७. विकास कार्यक्रम पेश गर्ने ढाँचा

विकास कार्यक्रम प्रदेश योजना आयोगमा अनुसूची १ मा दिएको ढाँचामा पठाउनु पर्ने छ ।

## अनुसूची १: वार्षिक विकास कार्यक्रमको ढाँचा

मन्त्रालय/क्षेत्र (Font कालिमाटी १२)..............................

उपक्षेत्र (Font कालिमाटी १२).......................................

क. पृष्टभूमि (Font कालिमाटी १२)

प्रथम योजनाको आधार पत्र, दिगो विकास लक्ष्य तथा क्षेत्र गत नीति र योजनाहरुलाई आधार मानी बढीमा २५० शब्दमा विकास कार्यक्रम सञ्चालन सम्बन्धमा क्षेत्रगत पृष्ठभूमि लेखे । (Font कालिमाटी १०.५)

ख. प्रथम योजनाको बिषय क्षेत्रगत उद्देश्य

प्रथम योजनाको आधार पत्रमा उल्लेख भए बमोजिम (Font कालिमाटी १०.५)

ग. प्रथम योजनाको बिषय क्षेत्रगत रणनीति

प्रथम योजनाको आधार पत्रमा उल्लेख भए बमोजिम (Font कालिमाटी १०.५)

घ. नतिजा सूचक (Font कालिमाटी १२)

प्रथम योजनाको आधार पत्रमा उल्लेखित लक्ष्यसंग मिल्ने गरी

| क.स. | सूचक | एकाई | आधार वर्ष२०७६/७७ | आ.व. २०७६/७७ को लक्ष्य | आ.व.२०८०/८१को लक्ष्य (पन्ध्रौ योजना अवधी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ङ. वार्षिक विकास कार्यक्रम (Font कालिमाटी १२)

| क.स. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरु तथा सम्पन्न वर्ष र कूल लागत (रु हजारमा) | प्रमुख प्रतिफलहरु | हालसम्मको प्रगति स्थिति (संचालित आयोजना तथा कार्यक्रमको लागि मात्र) | आ.व.२०७६/०७७ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

क्षेत्रगत रणनीतिक स्तम्भ - प्रथम आवधिक योजनाको आधारपत्रमा उल्लख्य भएको ६ वटा मुल रणनीतिहरु मध्येबाट

प्रमुख प्रतिफलहरु - कार्यक्रम / आयोजनाले लिएको उद्देश्यबाट उल्लेख गर्ने ।

हालसम्मको प्रगति स्थिति - आ.व. २०७५।७६ को दोस्रो चौमासिक सम्मको प्रगति स्थिति उल्लेख्य गर्ने ।

आ.व.२०७६/०७७मा संचालन हुने प्रमुख क्रियाकलाप - आ.व.२०७६/०७७मा कार्यक्रम / आयोजनाको लागि गरिने प्रमुख क्रियाकलापहरु

च. बजेट (Font कालिमाटी १२)

आ.व.२०७६/०७७ को लागि यस क्षेत्र / मन्त्रालयको लागि चालू रु. .......करोड, पुँजीगत तर्फ रु....... करोड र वित्तीय व्यवस्थातर्फ रु........ गरी जम्मा रु........करोड बजेट माग गरिएको छ ।